आज मिति २०७६ साल बैशाख २५ गते बिहान ८ :०० बजे यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री कमलप्रसाद पौडेल, ([redacted] सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान बहादुर ठाडा, लेखाअधिकृत
श्री पिताम्बर पौडेल, प्रशासकीय अधिकृत
श्री शिशिर कुमार खड्का, योजना तथा अनुगमन अधिकृत.
श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत
श्री लक्ष्मीप्रसाद सापकोटा, कार्यालय सहयोगी

प्रस्ताव नं. १ : कर्णाली प्रदेश सरकारबाट माग भएका योजनाहरु सम्बन्धमा ।

निर्णय नं. १ : कर्णाली प्रदेश सरकारबाट माग भएका १ करोड भन्दा बढीका योजनाहरु सम्बन्धित वडाहरुमा व्यापक छलफल गरी जनताको मागमा आधारित रही ३ दिन भित्र यस नगरपालिका कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ : सहकारी तर्फको बजेट विनीयोजन सम्बन्धमा ।

निर्णय नं. २ : सहकारी तर्फको १८,००,०००।००(अक्षरुपी अठार लाख रुपैयाँ) देहायबमोजिम हुने गरि विनीयोजन गर्ने निर्ण गरियो

सहकारी दिवस रु ६०,०००।००

सहकारी सचेतना ४ गोटा प्रतिगोटा ६०,०००।०० का दरले २,४०,०००।००

पुर्व सहकारी शिक्षा ३ गोटा प्रतिगोटा २०,०००।०० का दरले ६०,०००।००

लेखापालन तालिम रु २,१०,०००।०० , व्यवासायिक योजना निर्माण रु २,१०,०००।००

COPOMICS तर्फ रु १,००,०००।०० र उत्पादनमा आधारित लागत सहभागिता अनुदान कार्यक्रम रु ९,२०,०००।००

प्रस्ताव नं. ३ : मीरा वली नेपाल गोल्डेन आईडल लाई सहयोग सम्बन्धमा ।

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकाकी चेली मीरा वलीले नेपाल गोल्डेन आइडल मार्फत भेरीगंगा नगरपालिकाको नाम उच्च राख्न सहयोग पुऱ्याएवापत यस नगरपालिकाको प्रवर्द्धनात्मक वा आन्तरिक कोषबाट बजेटको परिधिभित्र रहि बढीमा रु पन्ध्रहजार सम्म सहयोग प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ :युवा स्वरोजगार कार्यक्रम अर्न्तगत लोकसेवा तयारी कक्षा संचालन सम्बन्धमा ।

निर्णय नं. ४ : युवा स्वरोजगार कोषबाट बढीमा ३,००,०००।००(अक्षरुपी तिनलाख रुपैयाँ) दलित, अपाँग, आदिवासी जनजाति तथा अन्य इच्छुक नगरपालिकाले तोकेको योग्यता पुगेका युवाहरुलाई लोक सेवा आयोग तयारी कक्षा संचालनको लागि अनुदान दिने निर्णय गरियो ।

प्रस्ताव नं. ५ : संघीय सरकारबाट ढीलासुस्ती भएका योजना सम्बन्धमा ।

निर्णय नं. ५ : संघीय सरकार शहरी विकास मन्त्रालय मार्फत संचालन तथा निर्माण हुन लागेका राताचौर सभाहल तथा छिन्चु स्वास्थ्य चौकी निर्माणमा अनावश्यक ढिलासुस्ती भएको सम्बन्धमा के कति कारणले ढीला भएको हो, सम्बन्धित निकायको गम्भिर ध्यानाकर्षण गर्ने तथा दोषी उपर कारबाही गर्न सिफारिस गर्ने निर्णय गरियो ।